# आकाशवाणी समाचार- नेपाली

मितिः ३१ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- उपराष्ट्रपति सी.पी. राधाकृष्णनले काशी र तमिलनाडुको सम्बन्ध केवल ऐतिहासिक मात्र नभई हजारौं वर्षदेखि भारतलाई एकताबद्ध गर्ने गहिरो सभ्यता र आध्यात्मिक सम्बन्ध रहेको बताउनुभएको छ।
- **प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नीति आयोगमा एक बैठकको अध्यक्षता गर्नुभयो र प्रख्यात अर्थशास्त्रीहरू र क्षेत्रीय विशेषज्ञहरूसँग कुराकानी गर्नुभयो|**
- निर्वाचन आयोगले उत्तर प्रदेशमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणको लागि नयाँ मिति जारी गरेको छ। मतदाता सूचीको मस्यौदा अब जनवरी ६ मा जारी गरिने छ|
- दिल्ली सरकारले दिल्ली जन विश्वास उपबंध संशोधन विधेयक- 2026 लाई अनुमोदन गरेको छ।
- भारतले पाँचौं महिला ट्वान्टी-२० क्रिकेट म्याचमा श्रीलंकालाई १५ रनले पराजित गर्दै शृङ्खला ५-० ले जितेको छ।

## उपराष्ट्रपति

हिज रामेश्वरममा आयोजित चौथो काशी तमिल संगमको समापन समारोहलाई सम्बोधन गर्नुहुदै उपराष्ट्रपति सी.पी. राधाकृष्णनले काशी र तमिलनाडुको सम्बन्ध केवल ऐतिहासिक मात्र नभई हजारौं वर्षदेखि भारतलाई एकताबद्ध गर्ने गहिरो सभ्यता र आध्यात्मिक सम्बन्ध रहेको बताउनुभयो। उहाँले यस्ता आदानप्रदानले भारतको साझा सम्पदा र राष्ट्रिय एकताको भावनालाई बलियो बनाउने बताउनुभयो।
महान कवि सुब्रमण्यम भारतीको भनाइ उद्धृत गर्नुहुदै श्री राधाकृष्णनले काशी तमिल संगममले एकताबद्ध, एकीकृत र आत्मविश्वासी भारतको दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने बताउनुभयो। उहाँले कवि भारतीको सपना आज प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी सोच र केन्द्रित पहलहरू द्वारा पूरा भइरहेको बताउनुभयो।

## प्रधानमन्त्री -नीति आयोग

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नीति आयोगमा एक बैठकको अध्यक्षता गर्नुभयो र प्रख्यात अर्थशास्त्रीहरू र क्षेत्रीय विशेषज्ञहरूसँग कुराकानी गर्नुभयो साथै केन्द्रीय बजेट 2026-27 अघि उहाँहरूको विचार र सुझावहरू लिनुभयो। यस बैठकले विशेषज्ञहरूका लागि देशको वर्तमान आर्थिक अवस्था र भविष्यका प्राथमिकताहरूमा उनीहरूको विचार र मूल्याङ्कन साझा गर्ने मञ्चको रूपमा काम गरेको छ। बैठकमा वृद्धिलाई समर्थन गर्न, समष्टिगत आर्थिक स्थिरतालाई सुदृढ पार्न र उदीयमान चुनौतीहरूलाई सम्बोधन गर्न थप सुधारहरू आवश्यक पर्ने क्षेत्रहरूमा चर्चा गरिएको थियो। सरकारले आर्थिक योजनाको अर्को चरणको तयारी गरिरहेको बेला नीति आयोगमा भएको अन्तरक्रियाले बहुमूल्य अन्तर्दृष्टि प्रदान गरेको छ।केन्द्रीय वित्त मंत्री निर्मला सीतारामन, नीति आयोगका उपाध्यक्ष सुमन बेरी, मुख्य कार्यकारी अधिकारी बी.वी.आर. सुब्रह्मण्यम लगायत वरिष्ठ अधिकारीहरुले यस बैठकमा भाग लिनुभएको थियो।

## उत्तर प्रदेश-मतदाता सूची

निर्वाचन आयोगले उत्तर प्रदेशमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणको लागि नयाँ मिति जारी गरेको छ। उत्तर प्रदेशका मुख्य निर्वाचन अधिकारी नवदीप रिनवाले एक सामाजिक सञ्जाल पोस्टमा मतदाता सूचीको मस्यौदा अब जनवरी ६ मा जारी गरिने बताउनुभएको छ। दावी र आपत्तिहरू फेब्रुअरी ६ सम्म दर्ता गर्न सकिन्छ। राज्यको मतदाता सूचीको अन्तिम प्रकाशन मार्च ६ मा हुनेछ।राज्यका सबै गणना- प्रपत्रहरु डिजिटलाइज गरिएको छ।

**ध्रुव-एनजी**

केन्द्रीय नागरिक उड्डयन मन्त्री के. राम मोहन नायडूले हिज बेंगलुरुस्थित हिन्दुस्तान एरोनटिक्स लिमिटेड परिसरमा अर्को पुस्ताको असैन्य हेलिकप्टर ध्रुव-एनजीको उद्घाटन गर्नुभयो। यस अवसरमा हिन्दुस्तान एरोनटिक्स लिमिटेडका अध्यक्ष तथा प्रबन्ध निर्देशक डा. डीके सुनील पनि उपस्थित थिए।

श्री नायडूले एडभान्स्ड लाइट हेलिकप्टर ध्रुव-एनजीको पहिलो उडानलाई हरियो झण्डा देखाएर प्रस्थान गर्नुहुनेछ। यो स्वदेशी रूपमा विकसित हेलिकप्टरको असैन्य संस्करण हो जुन हिन्दुस्तान एरोनटिक्स लिमिटेडले एरो इन्डिया २०२५ शोमा प्रदर्शन गरेको थियो।

**दिल्ली सरकार**

दिल्ली सरकारले दिल्ली जन विश्वास उपबंध संशोधन विधेयक- 2026 लाई अनुमोदन गरेको छ। मुख्यमन्त्री रेखा गुप्ताले विधेयकले अनुपालन प्रक्रियालाई सरल बनाउने, सानातिना उल्लङ्घनहरूलाई अपराधमुक्त गर्ने, अदालतका मुद्दाहरू घटाउने र प्रशासनिक दक्षता बढाउने लक्ष्य राखेको बताउनुभयो। उहाँले दिल्ली सरकार व्यापार गर्न सजिलो बनाउने र जीवनको गुणस्तर सुधार गर्ने प्रतिबद्ध रहेको पनि बताउनुभयो।मुख्यमन्त्रीले यो विधेयक 5 जनवरी देखि सुरु हुने दिल्ली विधानसभाको शीतकालीन सत्रमा पारित हुने बताउनुभयो। एक पल्ट लागू भएपछि, जरिवाना रकम प्रत्येक तीन वर्षमा स्वतः १० प्रतिशतले बढ्नेछ ताकि मुद्रास्फीति अनुसार जरिवाना प्रभावकारी रहोस्।

**वैष्णव-ट्रायल रन**

रेलवेले हिजो राजस्थानको कोटा र मध्य प्रदेशको नागदा बीच वन्दे भारत स्लीपर ट्रेनको परीक्षण सञ्चालन गरेको थियो। श्री वैष्णवले एक सामाजिक सञ्जाल पोस्टमा ट्रायल रनको क्रममा रेल १८० किलोमिटर प्रतिघण्टाको गतिमा कुदेको बताउनुभयो।

**केन्द्रीय गृहमन्त्री - पश्चिम बंगाल-मुख्यमन्त्री**

केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले पश्चिम बंगाल सरकारले सीमामा तारबार लगाउनका लागि जमिन छुट्याउनुभन्दा घुसपैठकर्ताका लागि जमिन उपलब्ध गराउन प्राथमिकता दिएको आरोप लगाउनु भएको छ l कटौती, चन्दा असुली र साम्प्रदायिक तुष्टीकरणको संस्कृतिका कारण राज्यको विकास अवरुद्ध भएको उहाले दाबी गर्नुभएको छ । कोलकाताको पोर्ट ब्लेयरमा नेताजी सुभाष चन्द्र बोसले आजाद हिन्द झण्डा फहराउनु भएको ८० औँ बर्षगाठ को अवसरमा श्री शाहले महिलाहरूको सुरक्षा र बङ्गालबाट औद्योगिक पलायनमाथि चिन्ता व्यक्त गर्नुभयो। उहाँले - भाजपालाई राज्यको हराएको गौरव पुनर्स्थापित गर्न र यसका महान प्रतीकहरूको सपना पूरा गर्न अवसर प्रदान गर्ने जनतालाई आग्रह गर्नुभयो । उहाँले अहिलेको कुशासन, भ्रष्टाचार र घुसपैठको युगलाई विस्थापित गरेर सुशासन र गरिबको हितमुखी सरकार बन्ने बताउनु भयो ।

( BYTE)

गृहमन्त्री श्री शाहले पस्चिम बङ्गाल की मुख्यमन्त्री ममता बनर्जीले राजनीतिक लाभका लागि घुसपैठलाई संरक्षण दिइरहेको र बीएसएफ र नागरिकता संशोधन ऐन (सीएए) को कार्यान्वयनमा बाधा पुर्याएको आरोप पनि लगाउनु भएको छ l

**उत्तराखंड-लोको ट्रेन- टक्कर**

उत्तराखण्डको चमोली जिल्लामा रहेको विष्णुगढ-पिपलकोटी जलविद्युत परियोजनाको पिपलकोटी सुरुङ भित्र कामदार र अधिकारीहरू बोकेको लोको रेल, मालवाहक रेलसँग ठोक्किँदा हिज साँझ लगभग ६० जना घाइते भएका छन्। चमोली जिल्ला मजिस्ट्रेट गौरव कुमारले साँझ भएको दुर्घटनामा १०९ जनामध्ये ६० जना घाइते भएको बताउनुभयो। उहाँले घाइतेहरूको अवस्था स्थिर रहेको पनि बताउनुभयो।

**एनसीसी - गणतन्त्र दिवस परेड**

अर्को वर्ष गणतन्त्र दिवस परेडमा २८ राज्य र ८ केन्द्र शासित प्रदेशका २ हजार ४ सय भन्दा अधिक राष्ट्रिय क्याडेट कोर एन.सी.सी. क्याडेटहरूले भाग लिनेछन् I रक्षा मन्त्रालयका अनुसार प्रतिभागीहरुको संख्या अहिलेसम्मकै अधिक हो I यस वर्ष युवा विनिमय कार्यक्रम अन्तर्गत २५ मित्र देशहरुका क्याडेट र अफिसरहरूले पनि भाग लिनुहुनेछ I एनसीसी गणतन्त्र दिवस शिविर २०२६ हिजदेखि नयाँ दिल्लीमा शुरु भएको छ सर्व धर्म पूजाबाट सुरु हुने एक महिना लामो शिविर, अन्तर-निर्देशनालय प्रतियोगिताहरू र सर्वश्रेष्ठ क्याडेट प्रतियोगिता, लघु शस्त्र फायरिङ र कर्तव्यपथमा परेडको क्रममा मार्चिंग दल जस्ता कार्यक्रमहरू आयोजना गरिनेछ।

**मुम्बईमा नयाँ वर्ष**

मुम्बईमा नयाँ वर्षको उत्सवमा कानून व्यवस्था कायम राख्न १७,००० भन्दा बढी पुलिस कर्मचारीहरू तैनाथ गरिएको छ। आज साँझदेखि शहरभरका प्रमुख स्थानहरूमा ठूलो भीड जम्मा हुने अपेक्षा गरिएको छ। तत्काल सहयोगको आवश्यकता परेमा, मानिसहरूलाई पुलिस हेल्पलाइन नम्बर १०० वा ११२ मा सम्पर्क गर्न सल्लाह दिइएको छ।

**परीक्षा पे चर्चा-पंजीकरण**

परीक्षा पे चर्चाको नवौं संस्करणका लागि दुई करोड ९२ लाख भन्दा अधिक विद्यार्थी, शिक्षक र अभिभावकहरूले पंजीकरण गराएका छन्। कार्यक्रम अर्को वर्षको जनवरीमा हुने तय भएको छ I परीक्षा पे चर्चाको क्रममा देश र विदेशका विद्यार्थीहरु , अभिभावक र शिक्षकहरू प्रधानमन्त्री नरेन्द्र मोदीसँग परीक्षाको तनाव बारे चर्चा गर्नेछन्। प्रतियोगितामा कक्षा ६ देखि १२ सम्मका शिक्षक र अभिभावकले भाग लिन सक्नेछन् I यस कार्यक्रमका लागि माई गभ प्लेटफर्ममा पंजीकरण प्रक्रिया चलिरहेको छ र यो अर्को वर्ष ११ जनवरी सम्म खुला रहनेछ।

**खालिदा जिया अंतिम संस्कार**

विदेशमन्त्री डा. एस. जयशंकर आज बंगलादेशकी पूर्व प्रधानमन्त्री तथा बंगलादेश नेशनलिस्ट पार्टीकी अध्यक्ष खालिदा जियाको अंतिम संस्कारमा भाग लिन ढाका जानुहुनेछ। खालिदा जिया बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री थिइन्। उहाँको हिजो ८० वर्षको उमेरमा ढाकामा निधन भएको छ। उहाँको अंतिम संस्कारमा विभिन्न देशका प्रतिनिधिहरू उपस्थित हुने अपेक्षा गरिएको छ।

**महिला क्रिकेट**

भारतले पाँचौं महिला ट्वान्टी-२० क्रिकेट म्याचमा श्रीलंकालाई १५ रनले पराजित गर्दै शृङ्खला ५-० ले जितेको छ। भारतले पहिले ब्याटिङ गर्दै १७५ रन बनाएको थियो। जवाफमा श्रीलंकाले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १६० रन मात्र बनाउन सक्यो।

कप्तान हरमनप्रीत कौरलाई प्लेयर अफ द म्याच र शफाली वर्मालाई प्लेयर अफ द सिरिज घोषित गरियो।

****** ० ******